प्राध्यापक डेभिड होई,

प्राध्यापक, श्वासप्रश्वास चिकित्साशास्त्र (रेस्पिरेटोरी मेडिसन अफ फेक्लटी अफ मेडिसन),द चाईनिज युनिवर्सिटि अफ हङकङ

नमस्ते सबैलाई! सवर्प्रथम नाकबाट कसरी नमूना (स्वाब )संकलन गरिन्छ भनि म बुझाउन चाहान्छु।

स्वाब सहितको सिन्का तपाईको नाकको प्वाल भित्रसम्म घुसारिने छैन। यसलाई एक देखि दुई सेन्टीमिटर मात्र भित्र छिराईन्छ । नाक भित्र छिराईसकेपछि यसलाई लगभग 10 सेकेण्डसम्म रगडने छौ । त्यसपछि अर्को पट्टि सारेर यसै गरि सोहि प्रक्रिया दोहोर्याउने छौं । यो परीक्षणको दौरान तपाईले पिडा महसुस गर्नु हुने छैन । यद्यपि केहि व्यक्तिहरुले थोरै मात्रामा असहज महसुस गर्नुहुनेछ र केहिलाई आशु आँउनसक्छ ।

दोस्रो भाग घाँटी भित्रको नमूना (स्वाब) संकलन हो ।तपाईले यँहा फुटबल खेलको गोल जस्तै पहेलो तिर भएको भाग (एर्रोहेड) देख्नु सक्नुहुन्छ। यसको छेउको भागमा रगडने छौं त्यसपछि पछाडिको भागमा रगडने छौं । यस प्रक्रियाको क्रममा कुनै पनि समस्या हुने छैन र यो पीडादायी छैन। मेरो लागि, यो परीक्षण सहजरुपमा नै भयो र वाकवाकी पनि लागेन । त्यसैले ,कृपया तपाईहरु पनि चिन्तित नहुनुहोस् ।